# पोखरा महानगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## न्यूरोड, पोखरा

## सेवा करारमा पदपुर्ति गर्ने सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मिति :२०८१।०५।१७**

पोखरा महानगरपालिकामा आ व २०८१/८२ मा रोजगार प्रवर्द्धन कार्यक्रम संचालनको लागि तपसिल बमोजिमका जनशक्ति करार सेवामा लिनु पर्ने भएकोले इच्छुक अनुभवी नेपाली नागरिकहरु सवैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

| क्र. सं. | विज्ञापन नम्बर | पद | माग संख्या | योग्यता |
|---|---|---|---|---|
| १ | ०१-०८१/०८२ | जिल्ला कार्यक्रम संयोजक (अधिकृत स्तर छैठौ वा सो सरह) | १ जना | -मानविकी तथा सामाजिक संकाय, व्यवस्थापन, कानुन वा सम्बन्धित अन्य विषयमा कम्तीमा स्नातक तह उत्तीर्ण भएको, कार्यक्रम व्यवस्थापन तथा संचालनमा ३ वर्षको कार्यानुभव भएको ॥<br>-कम्प्युटर सम्बन्धी ज्ञानका साथै MS Office (Word, Excel, PowerPoint) Outlook, Email, Internet, KOBO Tool) सहज रूपमा चलाउन सक्ने,<br>-नेपाली र अङ्ग्रेजी दुवै भाषामा बोल्न तथा प्रतिबेदन तयार गर्न सक्ने ।<br>*(स्थानीय तथा प्रदेश सरकारसँग निकटतम् समन्वय र सहकार्यमा सुरक्षित वैदेशिक रोजगारीको क्षेत्रमा काम गरेको तथा स्थानियलाई लाई प्राथमिकता दिईनेछ)* |
| २ | ०२-०८१/०८२ | आप्रवासी स्रोत केन्द्र सूचना परामर्शकर्ता (सहायक स्तर पाँचौ) | १ जना | -न्यूनतम +२ वा सो सरह उत्तिर्ण गरी कम्तीमा १ वर्ष सामाजिक परिचालनको क्षेत्रमा कार्य अनुभव भएको हुनुपर्नेछ।<br>-कम्प्युटर सम्बन्धी ज्ञान अनिवार्य हुनुपर्नेछ ।<br>*(सुरक्षित वैदेशिक रोजगार सूचना परामर्श तथा न्यायमा पहुँचको क्षेत्रमा काम गरेको अनुभव भएको तथा स्थानियलाई प्राथमिकता दिइनेछ ।)* |
| ३ | ०३-०८१/०८२ | मनोसामाजिक परामर्शकर्ता (सहायक स्तर पाँचौ) | १ जना | -राष्ट्रिय स्वास्थ्य तालीम केन्द्रले विकास गरेको तथा स्वास्थ्य मन्त्रालयले स्वीकृत गरेको तालीम पाठ्यक्रमले तोकेको योग्यता भएको हुनु पर्नेछ। जुन निम्नानुसार छ:<br>मान्यताप्राप्त शैक्षिक संस्थाबाट हेल्थ असिस्टेन्ट, स्टाफ नर्स वा मान्यता प्राप्त विश्वद्यालयबाट पब्लिक हेल्थ, मनोविज्ञान, समाजशास्त्र, सोसिएल वर्कमा स्नातक तह, बि.एड.स्वास्थ्य शिक्षा, पोष्ट ग्राजुएट डिप्लोमा इन काउन्सेलिङ उत्तीर्ण गरी मनोसामाजिक परामर्श सम्बन्धी तालीम प्राप्त कम्तीमा १ वर्ष *अनुभव भएको*<br>*(सोही क्षेत्रमा अनुभवी र महिला तथा स्थानियलाई विशेष प्राथमिकता दिईनेछ ।)* |
| ४ | ०४-०८१/०८२ | वित्तीय साक्षरता सहजकर्ता (सहायक स्तर पाँचौ) | १ जना | -कम्तिमा प्रविणता प्रमाण पत्र तह वा बाह्र कक्षा उतिर्ण गरेको<br>-वित्तीय साक्षरता वा प्रौढ / वयस्क साक्षरता वा अध्यापनको क्षेत्रमा कम्तिमा १ वर्ष अनुभव भएको ।<br>*(वित्तीय साक्षरता कक्षा सञ्चालन वा साक्षरता कक्षा सञ्चालन वा समुदायमा सामाजिक परिचालक वा सहजकर्ता भई काम गरेको साथै प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषदबाट मान्यता प्राप्त उद्यम विकास सहजकर्ता सम्बन्धी डिप्लोमा कोर्ष उत्तिर्ण गरेका तथा स्थानियलाई प्राथमिकता दिइने ।)* |

**१. छनौटको किसिम:** योग्यताक्रम, लिखित र अन्तवार्ता।

**२. परिक्षा दस्तुर :** छैठौ तहको लागि रु १,००० र पाँचौ तहको लागि रु ५०० यस कार्यालयको राष्ट्रिय वाणिज्य वैकको खाता नं ३०२०१००३०१०१०००२ जम्मा गरि राजश्व शिर्षक १४२२४ मा दाखिला गर्नुपर्नेछ।

**३. तलव तथा सुविधा:** सम्बन्धित कार्यक्रमको मापदण्ड र मार्गदर्शनले तोकेबमोजिम।

**४. उमेर :** २०८१/०५/३१ गतेसम्म वि. न ०१-०८१/०८२ को लागि न्युनतम २१ वर्ष र अन्यको हकमा १८ वर्ष पुरा गरि ३५ वर्ष (महिला ४० वर्ष ) ननाघेको।

**५. आवश्यक कागजातहरु:** माथि उल्लेखित योग्यता पुगेका इच्छुक नागरिकहरुले नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी, अनुभवको प्रमाणपत्रको प्रतिलिपि, व्यक्तिगत विवरण तथा शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपी, पासपोर्ट साईजको दुई प्रति फोटो र राजश्व तिरेको रसिदको साथमा तोकिएको ढाँचामा निवेदन सहित यस कार्यालयमा पेश गर्नुपर्नेछ।

**६. छनौट प्रक्रिया :** प्रारम्भिक छनौटमा परेका उम्मेद्वारहरुलाई मात्र लिखित र अन्तरवार्तामा समावेश गरिनेछ।

**७. दरखास्त दिने अन्तिम मिति :** २०८१/०५/३१ गते कार्यालय समय भित्र बुझाउनुपर्नेछ।

**८. आवेदन फारम र पाठ्यक्रमको लागि:** पालिकाको वेभसाइट www.pokharamun.gov.np वा नगरकार्यपालिकाको कार्यालय, न्युरोड।

*(कर्मचारी छनौट सम्बन्धी अन्य व्यवस्था कार्यलयको नियम बमोजिम हुनेछ र कार्यलयको निर्णय नै अन्तिम हुनेछ ।)*

**९. थप जानकारीको लागि:** कार्यालयको कोठा न २१३ वा ०६१-५९१२१३ वा esc.pokharamun@gmail.com मा सम्पर्क गर्न सक्नुहुनेछ।

**प्रमुख प्रशासकीय अधिकृत**

प्रमुख प्रशासकीय अधिकृत